**जातीय समानताको बढावाको निम्ति**
**अवस्थित र योजनाबद्ध उपायहरू**
**हङकङ वेधशाला**

हङकङ वेधशाला (HKO)ले आम जनता साथै अन्य विशेष प्रयोगकर्ता जस्तै शिपिंग र उड्डयन क्षेत्रको आवश्यकता पुरा गर्न, उच्च स्तरको मौसम विज्ञान सेवाहरु प्रदान गर्दछ। HKOले आम जनताहरुलाई,उनीहरुको जातीय पृष्ठभूमिका बाबजुद, सेवाहरु समान रुपमा प्राप्त हुने सुनिश्चित गर्न ठूलो महत्त्व दिन्छ।

| | |
|---|---|
| सेवाहरु सम्बन्धित | • HKOले (a)मौसमको पूर्वानुमान गर्न र खराब मौसमको चेतावनी जारी गर्न;(b) हङकङमा वातावरणीय विकिरणको तह बारे जानकारी प्रदान गर्न;(c) र एकनासको हङकङको मानक समय कायम राख्न र जियोफिजिकल (भौगोलिक विज्ञान) ,ओसनोग्राफिक (समुन्द्री विज्ञान), एस्ट्रोनोमिकल (खगोल विज्ञान) र जलवायु सम्बन्धित सूचना उपलब्ध गर्ने उत्तरदायी लिन्छ। |
| अवस्थित उपायहरू | • HKOको वेबसाइटमा हङकङको दुईवटा आनधकारिक भाषाहरु (चिनियाँ र अंग्रेजी) मा HKO को मौसम चेतावनी र सेवाहरुको जानकारी उपलब्ध छन् । विभिन्न भाषाहरुम[1] मौसम सम्बन्धि आधारभूत जानकारी प्रदान गर्न निजीकृत मौसम वेबसाईट शुरू गरिएको छ। |
| | • सर्वसाधरण जनतामा वितरण गर्नका लागि जानकारीमुलक र शैक्षिक पर्चाहरु/पुस्तिकाहरु पनि दुबै भाषाहरुमा प्रकाशित गरिएका छन् । यसका अतिरिक्त, HKO ले मौसम चेतावनी बारेका तीन पाँच पर्चाहरु (*"आँधीवर्षाको चेतावनी प्रणाली* ", "*जाडो र धेरै गर्मी मौसम*", "*हङकङको ट्रपिकल चेतावनी संकेतहरु* " , "*कडा मनसुनका संकेत*", तथा " *मेघगर्जनको उत्त्पति हुने प्रक्रिया र खतराहरु*") विभिन्न भाषामा[1] अनुवाद गरेको छ, जसलाई HKO को वेबसाइटमा[2] अपलोड गरिएको छ। (https://www.hko.gov.hk/en/publica/pubgen.htm). |

[1] समावेश गरिएका भाषाहरु हिन्दी, नेपाली, उर्दू, थाइ, बहासा इन्डोनेशिया, तगालोग, पञ्जाबी र भियतनामी हुन्।

[2] प्रकाशन नं. 20, 25, 33, 35, 44

| | |
|---|---|
| | ● सार्वजनिक शिक्षाका लागि तयार गरिएका चिनियाँ भाषाका अनलाइन भिडियो पाठ्यक्रमहरू, अंग्रेजीमा[3] आंशिक रूपमा उपलब्ध छन्। |
| | ● HKO मा अवस्थित मुख्य कार्यालयको काउन्टर र श्रोत केन्द्रले विविध जातिका व्यक्तिहरुको लागि यदि आवश्यक परे भाषाको लागि सहयोग खोज्नको लागि भाषाको पहिचान कार्ड प्रदान गर्दछ। |
| भावी कार्यको मूल्यांकन | ● HKOले विविध जातिका मानिसहरुको आवश्यकताहरू पूरा गर्ने दृष्टिकोणको साथ,सेवाहरु समय-समयमा समीक्षा गर्नेछ । |
| लिने /लिनु पर्ने थप उपयाहरु | ● आगामी वर्षहरुमा HKOले विभिन्न भाषाहरुमा मौसम चेतावनी बारे पर्चाहरु र किताबहरु उपलब्ध गर्नेछ । |
| | ● HKO ले विविध जातिका मानिसहरुका आवश्यकताहरु अनुसार शैक्षिक गतिविधिहरु जस्तै HKO को भम्रणहरु आयोजना गर्नेछ। |
| | ● HKO ले सार्वजनिक शिक्षाको लागि बढि द्विभाषिक अनलाइन भिडियो पाठ्यक्रमहरू प्रदान गर्नेछ। |

सोधपुछको लागि, कृपया सहायक विभागीय सचिव(जेनरल)2 श्री एलन वोङ(Alan WONG) लाई निम्न माध्यम मार्फत सम्पर्क गर्नुहोस्:-


| | | |
|---|---|---|
| टेलिफोन नं. | : | 2926 8039 |
| फ्याक्स नं. | : | 2311 9448 |
| ईमेल | : | mailbox@hko.gov.hk |
| पत्राचार ठेगाना | : | Hong Kong Observatory<br>134A Nathan Road<br>Kowloon<br>Hong Kong |


हङकङ वेधशाला
**मे 2023**

[3] "मौसम अवलोकन सम्बन्धी अनलाइन भिडियो पाठ्यक्रम" श्रेणीका सम्पूर्ण १३ श्रृंखलाहरू समावेश छन्।